आ.व. २०८१/०८२

बैठक संख्या ११

आज मिति २०८१/११/२८ गते बुधवारका दिन बिहान ८:०० बजे यस रामपुर नगर कार्यपालिकाको एघारौ कार्यपालिका बैठक नगर प्रमुख श्री रमण बहादुर थापाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा तपसिल अनुसारको निर्णय गरियो।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री रमण वहादुर थापा | नगर प्रमुख | |
| २ | श्री बाल कुमारी थापा | नगर उपप्रमुख | |
| ३ | श्री कपिल बहादुर खाँण | वडाध्यक्ष | |
| ४ | श्री कृष्ण बहादुर दर्जी | वडाध्यक्ष | |
| ५ | श्री दामोदर पाठक | वडाध्यक्ष | |
| ६ | श्री राम बहादुर राना | वडाध्यक्ष | |
| ७ | श्री दुर्गा प्रसाद पोखेल | वडाध्यक्ष | |
| ८ | श्री दिवाकर देवकोटा | वडाध्यक्ष | |
| ९ | श्री दोवराज तिवारी | वडाध्यक्ष | |
| १० | श्री दिनेश आचार्य | वडाध्यक्ष | |
| ११ | श्री डिल वहादुर राना | वडाध्यक्ष | |
| १२ | श्री तोयानाथ सारु थापा | वडाध्यक्ष | |
| १३ | श्री देवका पोखेल | कार्यपालिका सदस्य | |
| १४ | श्री सीमा देवि थापा | कार्यपालिका सदस्य | |
| १५ | श्री माया देवी नेपाली | कार्यपालिका सदस्य | |
| १६ | श्री शारदा आचार्य | कार्यपालिका सदस्य | |
| १७ | श्री दुर्गा देवी भण्डारी गौतम | कार्यपालिका सदस्य | |
| १८ | श्री गोपाल कुमाल | कार्यपालिका सदस्य | |
| १९ | श्री यम बहादुर भुजेल घर्ती | कार्यपालिका सदस्य | |
| २० | श्री भविश्वर कुमाल | कार्यपालिका सदस्य | |
| २१ | श्री सुर्य दर्शन पण्डित | सदस्य सचिव | |

CamScanner

रामपुर नगरपालिकाको आ.व. २०८१/०८२ को एघारौ कार्यपालिकाको बैठकका

## प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा ।

२. योजना सम्बन्धमा ।

३. भूमि आयोग सम्बन्धमा ।

४. विविध ।

## निर्णयहरु

१.निर्णय नं.१, प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८१/११/०५ गते बसेको १० औ कार्यपालिका बैठकको समिक्षा तपसिल बमोजिम गरियो ।

१. राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौंको प्रदेश सरकार र स्थानीय तहमा आ.व. २०८२/८३ का लागि संघीय समपूरक अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना बमोजिम यस नगरपालिका अन्तर्गत देहायबमोजिमका आयोजना/कार्यक्रमहरु छनोट गरि पठाउने निर्णय गरियो ।

क) समपुरक अनुदान

१.कालीगण्डकी ट्रेकिङ तथा साइकलिङ कोरिडोर निर्माण रामपुर खण्ड (क्रमागत)

२.वडा कार्यालय भवन निर्माण (वडा नं. २,४,६,९)

३.रामपुर नगरपालिका वडा नं. ३ जाने अधुरो मो.बा निर्माण

४.शहरी स्वास्थ्य केन्द्र भवन निर्माण (वडा नं. १ र १०)

ख)विशेष अनुदान

१.रामपुर नगरपालिकाद्धारा सञ्चालित आयुर्वेद अस्पताललाई उपकरण खरिद

२.जन कल्याण, सिताराम र आधारभुत मा.वि भवन निर्माण तथा व्यवस्थापन

३.कृषि उपज संकलन तथा बिक्री केन्द्र निर्माण

२. मगर समुदायको बाहुल्यता रहेको यस नगरपालिकामा ४३ औ राष्ट्रिय मगर एकता दिवसको अवसरमा मिति २०८१/११/१५ गते नगरपालिका मातहतका सम्पूर्ण कार्यालयहरु, शिक्षण संस्था, स्वास्थ्य संस्था र अन्य सार्वजनिक संघ संस्थाहरुमा सार्वजनिक बिदा दिइएको ।

३. रामपुर नगरपालिका ९ नं. वडा कार्यालय, रामपुर, पाल्पाको च.नं. ४१७, प.सं. ०८१/८२, मिति २०८१/११/०५ को पत्रानुसार उक्त कार्यालयमा प्राप्त पत्र अनुसार साविक खालिवन गा.वि.स. हाल रामपुर न.पा. ९ जब्गादीमा रहको खालिवन अतिरिक्त हुलाक कार्यालयको लागि १ (एक) वटा कोठा कार्यालय संचालनको लागि व्यवस्था मिलाइदिनुहुन भनी लेखि आएकोमा घरभाडा(नगरपालिका/वडा

कार्यालय तर्फ सम्झौताका आधारमा) शिर्षकबाट कट्टा हुने गरी मासिक रुपमा रु ५०० (पाँच सय मात्र) भुक्तानी गरिदिने निर्णय गरियो ।

४. मिति २०८१/१०/२८ गते बसेको युवा स्वरोजगार संचालन समितिले यस कार्यपालिका बैठकमा पेश गरेको तपसिल बमोजिमका प्रस्तावहरुको कार्यान्वयन गर्ने गरी निर्णय गरियो ।

क)परिच्छेद ५ को दफा "क" (१) मा ब्यबस्था भएको "व्यक्ति वा समूहले यसै रामपुर नगरपालिका भित्र सेवा प्रवाह गरिरहेका बैंक मार्फत बढीमा ३० लाखसम्म कर्जा लिन सक्ने छन् भन्ने व्यवस्था रहेकोमा "व्यक्ति वा समूहले यसै रामपुर नगरपालिका भित्र सेवा प्रवाह गरिरहेका बैंक वा रामपुर नगरपालिका भित्र सेवा प्रवाह गरिरहेका बैंकको सहमतिमा नगर क्षेत्र वाहिरका बैंक शाखा मार्फत बढीमा ३० लाखसम्म कर्जा लिन सक्ने छन् " भन्ने व्यहोरा राख्ने ।

ख)किसान सूचीकरण कार्यक्रमको माध्यमबाट किसानको पहिचान गरि सरकारी तबरबाट किसानहरुलाई उपलब्ध गराइने सेवा सुबिधा तथा विकास योजना संग आवद्ध गर्न किसानहरुको आबश्यक विवरणहरु बिधुतिय प्रणाली मार्फत संकलन गरि किसान परिचयपत्र प्रदान गर्न यस रामपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रामपुर पाल्पामा गत आ.व.२०७८/०७९ र आ.व.२०७९/८० गरि किसान सूचीकरण सहजकर्ता वा कृषक मार्फत प्रविष्ट किसानहरुको आबश्यक विवरणहरु बिधुतिय प्रणाली मार्फत वडा गत रुपमा देहाय बमोजिम प्राप्त भएको ।

- वडा नं.१-४१६ जना कृषक
- वडा नं.२-३८९ जना कृषक
- वडा नं.३-६२९ जना कृषक
- वडा नं.४-८०६ जना कृषक
- वडा नं.५-६४४ जना कृषक
- वडा नं.६-६२८ जना कृषक
- वडा नं.७-४७९ जना कृषक
- वडा नं.८-६८३ जना कृषक
- वडा नं.९-३३९ जना कृषक
- वडा नं.१०-७१० जना कृषक

ग) किसान सूचीकरण कार्यक्रमको माध्यमबाट किसानको पहिचान गरि सरकारी तबरबाट किसानहरुलाई उपलब्ध गराइने सेवा सुबिधा तथा विकास योजना संग आवद्ध गर्न किसानहरुको आबश्यक विवरणहरु बिधुतिय प्रणाली मार्फत संकलन गरि किसान परिचयपत्र प्रदान गर्न यस रामपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रामपुर पाल्पामा गत आ.व.२०७८/०७९ र आ.व.२०७९/८० मा संकलित तथ्यांक वडा समिति द्वारा अभिलेख प्रमाणीकरण गर्ने/गराउन किसान सूचीकरण कार्यक्रम कार्यान्वयन

Shagun

CamScanner

विधि, २०७७ परिच्छेद २ दफा ६ उपदफा २ बमोजिम कार्यक्रम कार्यान्वयन तथा समन्वय सम्पर्क ब्यक्ति कृषि शाखामा कार्यरत श्री युवराज नेपालीलाई तोक्ने सोहि अनुसार कामकाज गर्न पत्राचार गरिएको ।

घ) किसान सूचीकरण सहजकर्ता वा कृषक मार्फत प्रविष्ट गरिएका रामपुर नगरपालिका किसान सुचीकरण सफ्टवेरमा प्रविष्ट भएको/देखिएको कृषकहरुको विवरण अभिलेख प्रमाणीकरण किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७ को परिच्छेद ३ मा प्रमाणिकरण सम्बन्धी व्यवस्थामा सम्बन्धित स्थानीय तहको वडा समिति मार्फत सम्बन्धित वडाको कृषकहरुको विवरण अभिलेख प्रमाणीकरण व्यवस्था बमोजिम अभिलेख प्रमाणीकरण यस पालिकाको सवै वडा समितिलाई कृषकहरुको विवरण सहित प्रमाणीतको लागी पत्राचार गरि रामपुर नगरपालिका वडा नं.१०, ९, ८, ७, ६, ५, ४, २ मा वडा समितिले प्रकाशन गरेको १५ दिने दावि विरोध सूचनामा गरिएको तथा उक्त समयमा कुनै निवेदन पेश हुन नआएकोले प्रमाणीकरण प्रक्रिया अगाडि बढाउने निर्णय गरिएको।

ङ)प्रस्तुत विषयमा यस रामपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रामपुर, पाल्पाको आ.व. २०७८/०७९ र २०७९/०८० मा किसान सूचीकरण कार्यक्रम अन्तर्गत किसान सुचिकरण ,किन, किसान सुचिकरण बाट हुने फाईदाहरु रामपुर नगरपालिकामा किसान सुचिकरणको अवस्था बारे जानकारी दिन, प्रचार प्रसार गर्न, साथै किसान सूचीकरण सहजकर्ता मार्फत प्रविष्ट गरिएका रामपुर नगरपालका किसान सुचीकरण सफ्टवेरमा प्रविष्ट भएको कृषकहरुको विवरण लगईन गरि हेर्ने/विवरण सच्याउने/विवरण थप्ने लगायत जस्ता कार्य गर्नको लागि कृषकहरुलाई रामपुर नगरपालिकाको वडा नं.६,७,८,९,१० मा वटा वडामा किसान सूचीकरण कार्यक्रम सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरिएको।

च)किसान सुचिकरण प्रणाली व्यवस्थापन तथा संचालन निर्देशिका, २०८१ अनुसूची १ को (ङ) मा किसान सूचना प्रणालीको लागि सम्पर्क अधिकृत(कर्मचारी) तोक्ने व्यवस्था भएबमोजिम यस कार्यालयका कृषि अधिकृत नारायण प्रसाद गैरेलाई कार्यविधि र निर्देशिकाको मापदण्डमा रही कामकाज गर्ने गरी जिम्मेवारी दिने निर्णय गरियो ।

५.रामपुर नगरपालिका, ७ नं. वडा कार्यालयको च.नं. ७५५, पत्र संख्या २०८१/०८२, मिति २०८१/११/०५ गतेको पत्रानुसार रामपुर नगरपालिका वडा नं. ७ स्थित तपसिल बमोजिमका जग्गाहरु लिजमा लिनका लागि आवश्यक प्रक्रियामा लैजानका लागि आवश्यक सहयोग गरिदिनुहुन भनि लेखी आएको हुँदा तपसिल बमोजिमका जग्गाहरुलाई लिजमा लैजाने प्रक्रिया अगाडी बढाउने निर्णय भएकोमा उक्त प्रक्रिया अगाडी बढाइएको । तपसिलः

१. शहिद बहुमुखि क्याम्पस रहेको स्थानको कि.नं.२९३ जग्गा लिज सम्बन्धमा,

२. रामपुर नगरपालिकाको ७ नं. वडा कार्यालय संचालन रहेको जग्गा प्लट नं. २१६ को जग्गा लिज सम्बन्धमा,

३. धर्मोदय दशावतार वालन साँस्कृतिक समुह दशधाम निर्माण स्थलको जग्गा लिज सम्बन्धमा,

CamScanner

४. आधारभुत स्वास्थ्य केन्द्र विरेन्द्रटारको जग्गा प्लट नं. २१६ को जग्गा लिज सम्बन्धमा,

५. रामपुर कबर्डहल रा.न.पा. ७ को जग्गा सम्बन्धमा,

६. आधारभुत मा.वि. को जग्गा सम्बन्धमा,

७. औधोगिक ग्रामको जग्गा व्यवस्थापन सम्बन्धमा।

५. संघीय सडक डिभिजन पाल्पाको प.सं. ०८१/०८२, च.नं. ६७८, मिति २०८१/१०/३० गतेको पत्रानुसार उक्त कार्यालय र M/S Elite-SBA J/V, Kapan Kathmandu बीच ठेक्का सम्झौता भई निर्माणाधीन सडक ठेक्का नं-44-KRRD-650-067/068, Construction of Motorable Truss Bridge over Kaligandaki River at Rampur(Palpa)-Damachaur(Shyangja) को निर्माणका लागि खोला Divert गरी निर्माण कार्य गर्नुपर्ने भएकोले निर्माण व्यवसायीको मिति २०८१/१०/२८ गतेको पत्रानुसार माग भए बमोजिमको खोला Divert गर्नका लागि आवश्यक निर्माण सामग्री निर्माण स्थलमा उपलब्ध नभएकोले निर्माण स्थलको नजिकैको खानीबाट निर्माण सामग्री उपलब्ध गराउन सहजीकरण गरिदिनुहुन भनी लेखी आएकोमा उक्त पुल निर्माण गर्नका लागि तयार पारिएको प्रारम्भिक वातावरणीय अध्ययन(IEE) मा उल्लेख भएको क्षेत्र भित्रबाट नियमानुसार मापदण्ड पुरा गरी उक्त कार्य गर्नका लागि आवश्यक सहजीकरण गर्ने निर्णय गरियो ।

६. अमर कन्स्ट्रक्सन प्रा.लि.को मिति २०८१/११/०३ गतेको पत्रानुसार गल्याङ चापाकोट सडक स्तरोन्ती CONTRACTID:IDOSYANGJA/NCB/W/R/०५३/०८०-८१ परियोजनामा निर्माण सामग्रीको अत्यावश्यक अभावको समस्या जानकारी भएको र निर्माण कार्यमा आवश्यक ढुंगा, गिट्टी, सबबेस र बेस सामग्रीको अभावले गर्दा परियोजनाको कार्यान्वयनमा गम्भीर अवरोध उत्पन्न भएको छ, फलस्वरूप, ग्याबियन म्यासोनरी, सबग्रेड तयारी, र बेस कोर्स बिछ्याउने कार्य अवरुद्ध भएकोले परियोजनाको समयमै सम्पन्न हुने लक्ष्य प्रभावित भएको जसले ढिलाइ हुनुका साथै वित्तीय क्षतिसमेत निम्त्याउने सम्भावना बढाएको र सामग्रीको प्रमुख स्रोत पहिचान गरे तापनि चापाकोट नगरपालिका को सम्पास घाटबाट पर्याप्त नदिजन्य निर्माण सामग्री उपलब्ध नभएको कारण रामपुर नगरपालिका को वार्ड न १० कुमालगाउ बौडीघाट अथवा बर्दीघाटबाट हाललाई आवश्यक पर्ने निर्माण जन्य सामग्री ढुंगा गिट्टी बालुवा बेस सबबेस गरी १२०० घनमिटर नियमअनुसारको राजस्व बुझी समस्याको समाधानको लागि कार्यालयबाट सहयोग गरिदिनुहुन भनी लेखी आएकोमा १० औं कार्यपालिका बैठकमा छलफल हुँदा नियमानुसार राजस्व बुझाउने गरी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम तथा प्रारम्भिक वातावरणीय अध्ययन(IEE) प्रतिवेदनको विषय सूचीको बुदा नं.२ र २.५.१(२,४) मा उल्लेख भएको नियम अनुसार सार्वजनिक विकास निर्माणको लागि हेभी मेसिन प्रयोग गरी सम्बन्धित वडा कार्यालय र ईलाका प्रहरी कार्यालयसँग समन्वयमा प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन (IEE) अनुसार बौडीघाटबाट प्रयोग

गर्ने साथै रामपुर नगरपालिकाका नगर प्रहरीको निगरानीमा उक्त कार्य गर्न अनुमति दिने निर्णय गरियो ।

७. सहयोगी कन्ट्रयाक्टर्स एण्ड ट्रेडिङ कम्पनी प्रा.लि.को मिति २०८१/११/०४ गतेको पत्रानुसार रामपुर नगरपालिका वडा नं. ५ रामघाटमा सडक पूर्वाधार विकास कार्यालय तानसेन, पाल्पाबाट आर्थिक वर्ष ०८१/०८२ को लागि रामघाट क्षेत्रमा ढुङ्गा छाप्नको लागि परेको रु १२,००,०००/-(रु बाह्र लाख) को काम गर्नको लागि आवश्यक पर्ने ढुङ्गा १६ ट्रयाक्टर, गिट्टी १० ट्रिप र बालुवा ४ ट्रिप गरी जम्मा ३० ट्रिप निर्माण सामग्री उपलब्ध गराई निर्माण कार्यमा सहयोग गरिदिनुहुन भनी लेखी आएकोले १० औ कार्यपालिका बैठकमा छलफल हुँदा नियमानुसार राजस्व बुझाउने गरी सम्वन्धित वडा कार्यालय र ईलाका प्रहरी कार्यालयसँग समन्वयमा प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन (IEE) अनुसार रामघाट (कोप्चेघाट) बाट प्रयोग गर्ने तथा रामपुर नगरपालिकाका नगर प्रहरीको निगरानीमा उक्त कार्य गर्न अनुमति दिने निर्णय गरियो ।

८. श्री लक्ष्मी नारायण गुठी सञ्चालन संस्थाको च.नं. ३९/०८१, मिति २०८१/११/०४ गतेको पत्रानुसार पाल्पा जिल्ला रामपुर नगरपालिकाबाट सञ्चालन गरिने ज्येष्ठ नागरिक स्कुल व्यवस्थापन उपभोक्ता समितिबाट कार्य गर्नको लागि आवश्यक पर्ने करिव १२ ट्रिप गिटि, ढुङ्गा, बालुवा रामघाटबाटै उपलब्ध गराई सहयोग गरिदिनुहुन भनी लेखी आएकोमा १० औ कार्यपालिका बैठकमा छलफल हुँदा नियमानुसार राजस्व बुझाउने गरी सम्बन्धित वडा कार्यालय र ईलाका प्रहरी कार्यालयसँग समन्वयमा प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन (IEE) अनुसार रामघाट (कोप्चेघाट) बाट प्रयोग गर्ने तथा रामपुर नगरपालिकाका नगर प्रहरीको निगरानीमा उक्त कार्य गर्न अनुमति दिने निर्णय गरियो ।

९. NIVIL-SHRINKHALA-KUSHAL JOINT VENTURE ले पेश गरेको निवेदन अनुसार यस कार्यालयको ठेक्का नं. RMO/WORK/NCB/19/081/082 Construction Work of Kaligandaki Traking and cycling trail Rampur Municipality ( नगर गौरवको आयोजनालाई आवश्यक पर्ने गिटी, बालुवा, ढुङ्गा (BOQ अनुसार) उपलब्ध गराईदिनुहुन भनी लेखि आएकोमा १० औ कार्यपालिका बैठकमा छलफल हुँदा नियमानुसार राजस्व बुझाउने गरी सम्बन्धित वडा कार्यालय र ईलाका प्रहरी कार्यालयसँग समन्वयमा प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन (IEE) अनुसार उक्त निर्माण कार्य हुने क्षेत्रमा पर्ने रामघाट(कोप्चेघाट), वडभानघाट, केलादीघाटबाट प्रयोग गर्ने तथा रामपुर नगरपालिकाका नगर प्रहरीको निगरानीमा उक्त कार्य गर्न अनुमति दिने निर्णय गरियो ।

१०. सक्षम मनकामना कन्सट्रक्सन प्रा.लि. को च.नं. १३, प.सं. २०८१/२०८२, मिति २०८१/११/०४ गतेको पत्रानुसार यस नगरपालिकाको ठेक्का नं. RMO/WORK/NCB/13/081/082 को लागि आवश्यक सम्पूर्ण मेटरियल नजिकको स्थानबाट उपलब्ध गराइदिनुहुन भनी लेखि आएकोमा १० औ कार्यपालिका बैठकमा छलफल हुँदा नियमानुसार राजस्व बुझाउने गरी सम्बन्धित वडा कार्यालय र ईलाका प्रहरी

CamScanner

कार्यालयसँग समन्वयमा प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन (IEE) अनुसार खयरबोटघाट तथा पायक पर्ने नजिकको घाटबाट प्रयोग गर्ने तथा रामपुर नगरपालिकाका नगर प्रहरीको निगरानीमा उक्त कार्य गर्न अनुमति दिने निर्णय गरियो ।

११. कस्यप निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि.को मिति २०८१/११/०४ गतेको पत्रानुसार सडक डिभिजन कार्यालय, पाल्पा कार्यालयको ठेक्का नं. DROPLP/३३७०११७६/०७९/८०/०२/Re (Roadway Excavation, Structural Works and Bituminous Pavement works on Keladi - Panthe-Sahalkot - Jhyalbas Road) को लागि आवश्यक पर्ने नदिजन्य सामाग्री जस्तैः ढुंगा, गिट्टी, वालुवा र ग्रावेल यस प्रोजेक्टलाइ आवश्यक पर्ने १५००० घ. मि. मध्ये हाललाई ३५०० घ. मि. आवश्यक भएको हुँदा श्रीमान समक्ष प्रोजेक्ट क्षेत्र नजिकको घाटबाट निकासीको लागि यथाशिघ्र आवश्यक पहल गरिदिनु साथै शेरा पहिरो सफा गर्दा निस्दी खोलामा खसेको ढुङ्गा तथा ग्रावेल निकाल्नको लागि पनि आवश्यक पहल गरिदिनुहुन भनि लेखी आएकोमा १० औ कार्यपालिका बैठकमा छलफल हुँदा नियमानुसार ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम तथा प्रारम्भिक वातावरणीय अध्ययन(IEE) प्रतिवेदनको विषय सूचीको वुदा नं.२ र २.५.१(२,४) मा उल्लेख भएको नियम अनुसार सार्वजनिक विकास निर्माणको लागि हेभी मेसिन प्रयोग गरी भलायटारघाट प्रयोग गर्ने तथा सम्बन्धित वडा कार्यालय, ईलाका प्रशासन कार्यालय, ईलाका प्रहरी कार्यालयको समन्वयमा नगर प्रहरी तथा वडा कार्यालयको रेखदेखमा प्रयोग गर्न अनुमति दिने निर्णय गरियो ।

१२. माथि उल्लेखित लगायत विभिन्न शीर्षकहरुबाट आर्थिक सहयोग लगायत अन्य निर्णय गरिएको ।

२. निर्णय नं. २, प्रस्ताव नं . २ माथि छलफल गर्दा यस रामपुर नगरपालिकाको नगर सभाको १६ औं अधिवेशनबाट रकमान्तर, शीर्षकान्तर गरिएका योजनाहरुको हालसम्मको प्रगति समिक्षा गरियो ।

३. निर्णय नं. ३, प्रस्ताव नं . ३ माथि छलफल गर्दा भूमि समस्या समाधान आयोग जिल्ला समिति आयोगका पदाधिकारीको उपस्थितिमा यस नगरपालिकामा मिति २०८१/११/२६ गते बैठक बसिएकोमा उक्त बैठकमा भएका छलफलहरुको सम्बन्धमा समिक्षा गरियो ।

४. निर्णय नं. ४, प्रस्ताव नं४ . माथि छलफल गर्दा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, नीति, योजना तथा बहुपक्षीयय समन्वय शाखाको पत्र संख्या ०८१/८२, चलानी नं. १४८, मिति २०८१/११/२३ गतेको पत्रानुसार सुरक्षित आप्रवासन (SaMI) कार्यक्रम संचालन तथा व्यवस्थापनको लागि लागत साझेदारी सहितको सहकार्य प्रतिबद्धता पत्र माग भई आएकोमा उक्त कार्यक्रम संचालन तथा व्यवस्थापनको लागि लागत साझेदारी सहितको सहकार्य प्रतिबद्धता गर्ने निर्णय गरियो ।

५. निर्णय नं. ५, प्रस्ताव नं .४ माथि छलफल गर्दा गह्रौकालि कन्स्ट्रक्सन प्रा.लि.को च.नं. ३६२, प.सं. २०८१/०८२, मिति २०८१/११/२३ गतेको पत्रानुसार यस कार्यालयसँग सम्झौता भएको डुम्रिफेद देखी ३ नं. वडा जाने बाटो कालोपत्रे निर्माण र सडक पूर्वाधार विकास कार्यालय तानसेन पाल्पासँग सम्झौता भएको ठेक्काको निम्ति आवश्यक पर्ने ३५५ घ.मि. Sub-Base material वडा नं. २ र ३ को निस्दीखोला क्षेत्रको आई.ई.ई. गरी संचालित भलायटारघाटको ठेक्काबाट Heavy Equipment प्रयोग गरी Sub-Base material निकाल्न आवश्यक सहजीकरण गरी उपलब्ध गराईदिनुहुन भनि लेखी आएकोमा ११ औ कार्यपालिका बैठकमा छलफल हुँदा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम तथा प्रारम्भिक वातावरणीय अध्ययन(IEE) प्रतिवेदनको विषय सूचीको बुदा नं.२ र २.५.१(२,४) मा उल्लेख भएको नियम अनुसार सार्वजनिक विकास निर्माणको लागि हेभी मेसिन प्रयोग गरी ३५५ घ.मि. Sub-Base material भलायटारघाट प्रयोग गर्ने तथा सम्वन्धित वडा कार्यालय, ईलाका प्रशासन कार्यालय, ईलाका प्रहरी कार्यालयको समन्वयमा नगर प्रहरी तथा वडा कार्यालयको रेखदेखमा प्रयोग गर्न अनुमति दिने निर्णय गरियो ।

६. निर्णय नं. ६, प्रस्ताव नं. ४ माथि छलफल गर्दा कुशल कन्स्ट्रक्सन प्रा.लि. रामपुर न.पा. १०, पाल्पाको मिति २०८१/११/२७ गतेको पत्रानुसार रामपुर नगरपालिका वडा नं. ७ मा पर्ने Andhakar Mukti Sahakari Chadke Hotel Nikash Marga to Balan House Road, Rampur ७ Palpa (Contract Id Balan House, UDPA/Lumbini/NCB/W/R/०८१/०८२/१५०) को सडक कालोपत्रे गर्नुपर्ने भएका हुदा उक्त सडक निर्माणको लागि वेश, सववेश तथा बालुवा आवश्यक परेको हुँदा उक्त कार्यको लागि ठेक्का खोलिएको घाटबाट ५०० घ.मि. हेभि इक्युपमेन्ट प्रयोग गरी निकाल्नु पर्न भएको हुँदा आवश्यक सहजीकरण गरिदिनुहुन भनि लेखि आएकोमा ११ औ कार्यपालिका बैठकमा छलफल हुँदा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम तथा प्रारम्भिक वातावरणीय अध्ययन(IEE) प्रतिवेदनको विषय सूचीको बुदा नं.२ र २.५.१(२,४) मा उल्लेख भएको नियम अनुसार सार्वजनिक विकास निर्माणको लागि हेभी मेसिन प्रयोग गरी २०० घ.मि. Sub-Base material रामपुर नगरपालिका वडा नं. ७ को नाम्ले खोलाघाटबाट साथै ३०० घ.मि. Sub-Base material रामपुर नगरपालिका वडा नं. २ र ३ मा पर्ने भलायटारघाट Sub-Base material प्रयोग गर्ने तथा सम्बन्धित वडा कार्यालय, ईलाका प्रशासन कार्यालय, ईलाका प्रहरी कार्यालयको समन्वयमा नगर प्रहरी तथा वडा कार्यालयको रेखदेखमा प्रयोग गर्न अनुमति दिने निर्णय गरियो ।

CamScanner

निर्णय नं. ७, प्रस्ताव नं .४ माथि छलफल गर्दा रामपुर नगरपालिका ३ नं. वडा कार्यालयको च.नं. १०५८, पत्र संख्या २०८१/०८२, मिति २०८१/११/२७ गतेको पत्रानुसार रामपुर नगरपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अन्तर्गत उक्त वडाको डुम्रीफेद देखि ३ नं. वडा कार्यालय जाने मोटर बाटो कालोपत्रे योजनाको काम सञ्चालन गर्ने क्रममा बाटो विस्तार गर्नका लागि आ.व. २०७८/०७९ मा डुम्रीफेद देखि १ नं. गेट सम्म नाली निर्माण भएकोमा उक्त नालीको पश्चिमतर्फको विच भागको ८० मि. नाली पुरि बाटो विस्तार गरी कालोपत्रे गर्ने भनि उक्त वडा कार्यालयमा रामपुर नगरपालिका वडा नं. ३ को जनप्रतिनिधि, राजनैतिक दल तथा स्थानीय बासीहरुको निर्णयसहित निवेदन पेश भई आएकोले उक्त डुम्रीफेद देखि ३ नं. वडा कार्यालय जाने मोटर बाटो कालोपत्रे योजनालाई पुरानो नाली पुरी बाटो विस्तार गरी कालोपत्रे गर्ने कार्यको लागि अनुमति माग भई आएकोमा उक्त कार्य गर्नका लागि अनुमति दिने निर्णय गरियो ।

निर्णय नं. ८, प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत आ.व. २०८१/०८२ का लागि विनियोजित योजनाहरु सम्झौता भई कार्यान्वयनको चरणमा रहेको र उक्त योजनाहरुको कार्यान्वयनका लागि निर्माणजन्य सामग्री अति आवश्यक रहेकोले यस रामपुर नगर कार्यपालिकाको एघारौ कार्यपालिकाको बैठकमा छलफल हुदाँ यस कार्यालयमा नियमानुसार राजस्व बुझाउने गरी सम्पूर्ण निर्माण व्यवसायी, उपभोक्ता समिति, निजी निर्माण कार्य प्रयोजन लगायतको लागि यस कार्यालयका नगर प्रहरीको निगरानीमा प्रारम्भिक वातावरणीय अध्ययन (IEE) भएको बौडीघाट र बर्दीघाट वडा नं. १० बाट १(एक) महिनाको लागि उक्त कार्य गर्न अनुमति दिने निर्णय गरियो ।

निर्णय नं. ९, प्रस्ताव नं. ४ माथि छलफल गर्दा रामपुर नगरपालिका वडा नं. ६ स्थित श्री विजयपुर इङ्गलिस स्कुलको च.नं.४० मिति २०८१/०९/२३ गतेको पत्र अनुसार कक्षा ८ थपको लागि अनुमति माग तथा रामपुर नगरपालिका वडा नं. ४ स्थित श्री मदरसा आधारभुत विद्यालयको मिति २०८१/०९/२७ गतेको पत्र अनुसार कक्षा ९ र १० थपको लागि भएको अनुमति माग सम्बन्धमा छलफल गर्दा उक्त विद्यालयहरुको अनुगमन रिपोर्ट हेरि कक्षा थपको लागि न्युनतम मापदण्ड पुरा गरेको पाइएकोले दुवै विद्यालयहरुलाई कक्षा थपको लागी अनुमति दिने निर्णय गरियो साथै रामपुर नगरपालिका वडा नं. ९ स्थित हर्टल्याण्ड एकेडेमी पाल्पाको च.नं. ६१ मिति २०८१/०९/२८ गतेको पत्र अनुसार कक्षा ७ थपको लागि भएको अनुमति माग सम्बन्धमा छलफल गर्दा उक्त विद्यालयमा अनुगमन गर्दा कक्षा थपको लागि ल कक्षाकोठा पर्याप्त नभएको पाइएकोले न्युनतम मापदण्ड पुरा गरेपश्चात अनुमति दिने भनि प्राप्त भएको शिक्षा समितिको मिति २०८१/११/०८ गतेको बैठकको निर्णय प्राप्त भएकोमा कार्यपालिका बैठकमा

छलफल गर्दा श्री विजयपुर इङ्गलिस स्कुल कक्षा ८ थपको लागि अनुमति दिने साथै श्री मदरसा आधारभुत विद्यालय कक्षा ९ र १० थपको लागि भएको अनुमति दिने निर्णय गरियो ।

१०. निर्णय नं. १०, प्रस्ताव नं. ४ माथि छलफल गर्दा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले प्रकाशन गरेको शिक्षक पदस्थापनका आधार तथा मार्गदर्शनमा रहेको शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रदेशस्थित शिक्षा विकास निर्देशनालय, शिक्षा विकास तथा समन्वय इकाइ तथा स्थानीय तहले माथि उल्लेख भएबमोजिमका पदस्थापनका आधार तथा मार्गदर्शनको प्रतिकूल नहुने गरी थप आधार तयार गरी पदस्थापनाको कार्यको कार्यान्वयन गर्न सक्नेछन् भन्ने व्यवस्थाको आधारमा रामपुर नगरपालिकाले बनाएको शिक्षक पदस्थापनका थप आधार तथा मार्गदर्शन २०८१ तपसिल बमोजिम हुने गरी पास गर्ने निर्णय गरियो ।

शिक्षक सेवा आयोगबाट प्राथमिक तह, तृतीय श्रेणी, स्थायी शिक्षक पदमा सिफारिस भई रामपुर नगरपालिका अन्तर्गत सञ्चालित विद्यालयमा रिक्त रहेको दरबन्दीमा पदस्थापन हुने गरी आएका शिक्षकहरुलाई देहायबमोजिम पदस्थापन गरिनेछ ।

(क) प्राथमिक तहको हकमा स्थायी शिक्षक पदस्थापन गर्नुपर्ने पदसंख्या र निम्न माध्यमिक तथा माध्यमिक तहको हकमा स्थायी शिक्षक पदस्थापन गर्नुपर्ने विषयगत पदसंख्याका आधारमा पदस्थापन गर्नुपर्ने विद्यालयको सूची सार्वजनिक गरी शिक्षा विकास तथा समन्वय इकाइबाट स्थायी नियुक्ति भई आएकालाई सिफारिस योग्यताक्रम समेतलाई ध्यानमा राखि देहाय बमोजिम पदस्थापन गर्ने ।

१. रामपुर नगरपालिकाका प्रत्येक माध्यमिक र आधारभूत तह (६-८) सञ्चालित विद्यालयले रिक्त वा करारमा रहेका विस्थापित हुने शिक्षक सङ्ख्याको आधारमा एक जना शिक्षकलाई एक विषय (गणित वा विज्ञान) प्राथमिकता रहने गरि विस्थापित हुन सक्ने शिक्षकको सङ्ख्याको आधारमा विद्यालय व्यवस्थापन समितिको निर्णय सहित विषय प्राथमिकता निर्धारण गरि नगरपालिका शिक्षा शाखामा तोकिएको समयमा निवेदन पेश गर्ने।

२. पदस्थापन गर्दा रिक्त दरबन्दीले अपुग भइ अस्थायी/करारका शिक्षक हट्नु पर्ने अवस्थामा सेवाको आधारमा कनिष्ठ अस्थायी शिक्षक हट्ने गरी व्यवस्था मिलाउने ।

३.माध्यमिक तह र आधारभूत तह (६-८) सञ्चालित विद्यालयमा गणित र विज्ञान विषयको दरबन्दी अपुग भएकोले, गणित र विज्ञान विषयमा विषयगत दक्षता भएका शिक्षकहरुलाई आवश्यक्ताका आधारमा (विद्यालयले माग गरेको विषयमा) कक्षा ९-१२, ९-१० र कक्षा ६-८ सञ्चालित विद्यालयमा पदस्थापन गर्ने।

४. क र ख श्रेणीको अपाङगता भएका तथा महिलाको हकमा प्राथमिकतामा राखी पदस्थापन गर्ने ।

(ख) शिक्षक पदस्थापनको कार्य ७ दिनभित्रमा पुरा गर्नुपर्नेछ ।

११. निर्णय नं. ११, प्रस्ताव नं. ४ माथि छलफल गर्दा तपसिल बमोजिमको विवरण भएका व्यक्तिलाई तपसिल बमोजिमको शिर्षकबाट कट्टा हुने गरी सहयोग गर्ने निर्णय गरियो ।

| क.सं. | नामथर | वडा नं. | विवरण | राहत लिएको रकम | शिर्षक |
|---|---|---|---|---|---|
| १ | सोमनाथ वाग्ले | रा.न.पा-१० | मिति २०८१/११/१६ गते, बिहान २:५१ बजे गएको भूकम्पले निजको घर क्षतिग्रस्त भएको | रु ४०,०००/- (रु चालिस हजार मात्र) | विपद व्यवस्थापन कोष |
| २ | झम्मा खोला सेरा कुलो समिति | रा.न.पा-१० | उक्त वडा स्थित झम्मा खोला सेरा कुलोको बाँधमा पानी चडाउन नसकेकोले उक्त कुलोमा पानी चढाउने कार्यको लागि आवश्यक सहयोग माग | रु १५,०००/- (रु पन्ध्र हजार मात्र) | नगरस्तरीय मर्मत तथा निर्माण खर्च शीर्षक |
| ३ | भागीरथ आले | रा.न.पा-४ | मिति २०८१/११/१० गते शनिवारका दिन अन्दाजी दिनको १२ बजे परालको टौवामा आगलागी भई उक्त टौवाको पराल जली नष्ट भएको | रु ७,०००/-(रु सात हजार मात्र) | विपद व्यवस्थापन कोष |
| ४ | लक्ष्मी परियार | रा.न.पा-४ | निजको बुवा टिका राम दमैको मिति २०८१/११/०४ गते मृत्यु भएको हुनाले काजक्रिया खर्च सहयोग | रु १०,०००/-(रु दश हजार मात्र) | विपद व्यवस्थापन कोष |

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | बल बहादुर सार्की | रा.न.पा-४ | निजको बुहारी दुर्गा नेपालीको मिति २०८१/१०/२४ गते मृत्यु भएकोमा काज क्रिया खर्च | रु ८,०००/- (रु आठ हजार मात्र) | विपद व्यवस्थापन कोष |
| ६ | जित बहादुर सार्की/ मनिषा सार्की | रा.न.पा-२ | निजको छोरा विकास सार्कीको सुगर रोगको बिरामी भएकोले उपचार खर्च बापतको रकम | रु ७,०००/-(रु सात हजार मात्र) | विपद व्यवस्थापन कोष |
| ७ | पदम कुमारी राना | रा.न.पा-२ | निजको खोरमा बाधेर राखेको खसी र बाखालाई चितुवाले आक्रमण गरी मारेको | रु १०,०००/-(रु दश हजार मात्र) | विपद व्यवस्थापन कोष |
| ८ | अनु मल्ल | रा.न.पा-६ | निजको दिदि शान्ता मल्ल क्यान्सर रोगको बिरामी भई उपचाररत | रु २०,०००/- (रु बीस हजार मात्र) | विपद व्यवस्थापन कोष |
| ९ | सुकमाया का.मी. | रा.न.पा-६ | निजको छोरा ज्ञान बहादुर वि.क.को मृत्यु भएको काजक्रियाबापतको खर्च | रु ८,०००/-(रु आठ हजार मात्र) | विपद व्यवस्थापन कोष |

२. निर्णय नं. १२, प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस आ.व. अन्तर्गतको मेयर कप पुरुष भलिवल र हिला भलिवल विधामा खेल खेलाई २०८० चैत्र महिनाको अन्तिम साताबाट सञ्चालन गर्ने निर्णय गरियो थै उक्त खेलकुद सञ्चालन वापतको रकम नगर खेलकुद कार्यक्रम (मेयर कप लगायत अन्य प्रशिक्षणमुलक ार्यक्रम) खर्च शीर्षकबाट भुक्तानी हुने गरी निर्णय गरियो ।

३. निर्णय नं. १३, प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस कार्यालय अन्तर्गत तपसिल बमोजिमका पदहरु रक्त रहेकोले उक्त पदहरुको करार सेवामा दरखास्त आह्वानका लागि उपयुक्त मितिमा १५ दिने सूचना काशन गर्ने निर्णय गरियो ।

तपसिलः

| विज्ञापन नं. | पद | माग संख्या |
|---|---|---|
| ०६/०८१/०८२ | सूचना प्रविधि अधिकृत (अधिकृत स्तर छैटौ) | १ |
| ०७/०८१/०८२ | वैध (चौथो तह) | १ |
| ०८/०८१/०८२ | डोजर अपरेटर(ब्याक हो लोडर ) | १ |
| ०९/०८१/०८२ | हेभी सवारी चालक | १ |

CamScanner

१४. निर्णय नं. १४, प्रस्ताव नं. ४ माथि छलफल गर्दा पाल्पा तानसेन सदरमुकाम देखी ६८ कि.मि. पूर्व र राजधानी काठमाडौं देखी २५० कि.मि. टाढा रहेको यस पालिका कुल १२३.३४ क्षेत्रफलमा फैलिएको र  वि.सं. २०७८ को जनगणना अनुसार ४०,८८३ जनसंख्या भएको साथै हाल करिब ६०,००० भन्दा बढी बसोबासी संख्या भएको कालीगण्डकी उपत्यकाको एक ठूलो शहरको रुपमा विकसित हुदै गइराखेको अवस्थामा यस क्षेत्रमा खेलकुद प्रति रुची राख्ने जनसंख्या पनि बढदो रहेकोमा यस नगरपालिका अन्तर्गत रामपुर स्टेडियम, ठूलोटार, रा.न.पा-५, किसान बारी खेल मैदान, रा.न.पा-७, विजयपुर खेल मैदान, रा.न.पा. ६, खयरबोट खेल मैदान रा.न.पा-२ मा खेलकुद रंगशाला वनाउन अति आवश्यक देखिएकोले उक्त स्थानमा खेलकुद रंगशाला निर्माणका लागि DPR सहित युवा तथा खेलकुद मन्त्रालय, सिंहदरवार, काठमाडौंमा योजना माग गर्ने निर्णय गरियो ।

१५. निर्णय नं. १५, प्रस्ताव नं. ४ माथि छलफल गर्दा रामपुर नगरपालिका वडा नं. ३ र ४ का वडाबासीलाई मध्यनजर गरी मिति २०८१/१२/०४ गते, रा.न.पा. ३ सिता मा.वि.को प्राङ्गणबाट एकिकृत घुम्ति शिविर सञ्चालन गर्ने निर्णय गरियो ।

१६. निर्णय नं. १६, प्रस्ताव नं. ४ माथि छलफल गर्दा श्री रामतुलसी माध्यमिक विद्यालय, रामपुर, पाल्पाको च.नं. ४९८, पत्र संख्या २०८१, मिति २०८१/११/२७ गतेको पत्रानुसार उक्त विद्यालयको शिक्षक, अभिभावक, विद्यार्थीको आवश्यक छलफल तथा अन्य कार्यक्रम गर्नको लागि एक शैक्षिक सभाहलको आवश्यकता भएको छ । त्यसकारण विद्यालयको आवश्यकतालाई मध्येनजर राखेर बहुउद्देश्यिय शैक्षिक सभाहल निर्माणको प्रस्ताव अर्थ मन्त्रालयसम्म माग पेश गर्ने प्रयोजनका लागि कार्यपालिकाको निर्णय सहित सिफारिस गरिदिनुहुन भनी लेखि आएकोमा यस ११ औ कार्यपालिका बैठकमा छलफल गर्दा उक्त प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

१७. निर्णय नं. १७, प्रस्ताव नं. ४ माथि छलफल गर्दा रामपुर नगरपालिका १ नं. वडा कार्यालयको पत्र संख्या ०८१/८२, चलानी नं. ५९१, मिति २०८१/११/२७ गतेको पत्रानुसार उक्त वडा गैरा बस्ती टोल बासिहरुको मिति २०८१/११/२७ गतेको निवेदन माग अनुसार गैरा बस्ती संरक्षणका लागि आवश्यक कार्य साझेदारीमा गर्न जिल्ला भू तथा जलधार व्यवस्थापन कार्यालय ईच्छुक भई आएकोले उक्त कार्यमा साझेदारी लगानी व्यवस्थापन गरिदिनुहुन भनि लेखी आएकोमा उक्त कार्य गर्नका लागि रु १,५०,०००/- (रु एक लाख पचास हजार ) लगानी गर्ने गरी साझेदारी गर्ने निर्णय गरियो ।